# प्रभाव दैनिक
National Daily

वर्ष १०　अंक २३१　काठमाडौं　बिहीबार, ५ पुस २०८०　Prabhab National Daily　Thursday, December 21, 2023　www.prabhabonline.com　पृष्ठ ८　मूल्य रू. ५।-



**यात्रालाई सुरक्षित बनाऔं**

- सवारी चढ्दा र ओर्लदा अरूलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरीरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीधान चलाउन नदिऔं ।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


संसदीय समितिमा प्रधानसेनापतिको आक्रोश

# '२०८३ मा पनि बन्दैन फास्ट ट्र्याक'

- चारवटा रूख काट्न नौ महिना लगाइदिएको छ । यो कसको गल्ती हो ?
- कामचाहिँ फास्ट ट्र्याकमा गर्नुस् भन्ने नियम कानुन उही पुरानो हुने ।
- यहाँ त धेरै कुरा इन्ट्रेस्टमा हुन्छ । एउटा ठेकेदारले अर्को ठेकेदारलाई कसरी सक्ने ?



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानसेनापति प्रभुराम शर्माले अहिलेकै अवस्थामा २०८३ सालको चैतसम्ममा पनि काठमाडौं-तराई फास्ट ट्र्याक पूरा नहुने बताएका छन् । चारवटा रुख काट्न नौ महिना पर्खनुपर्ने कानुनी अल्झन देखाउँदै शर्माले संसदीय समितिमा आक्रोश पोखेका हुन् ।

'यदि फास्ट ट्र्याकमा बनाउनुपर्थ्यो भने नियम पनि त दिनुपर्थ्यो नि । चारवटा रूख काट्न नौ महिना लगाइदिएको छ । यो कसको गल्ती हो ?,' बुधबार राज्य व्यवस्था तथा सुशासन समितिमा शर्माले भने, 'म कसैको भन्दिनँ । वन मन्त्रालयलाई भन्दिनँ । तपाईंहरूले बनाइदिएको नियम हो । मैले प्रधानमन्त्री र रक्षामन्त्रीलाई देखाएको रूख अहिले पनि काटेको छैन । वैशाखमा देखाएको रूख । पोर्टलको अगाडि छ । यो हो समस्या ।'

उनले वातावरणीय प्रभाव मूल्यांकन (इआइए), पूरक वातावरणीय प्रभाव मूल्यांकन (एसइआइए) स्वीकृत गराउन सेनाका अधिकृत वन मन्त्रालय धाएर १० जनालाई नमस्कार गरे पनि अनेकथरी प्रक्रियाले ढिलाइ भएको बताए ।

'कामचाहिँ फास्ट ट्र्याकमा गर्नूस् भन्ने नियम कानुन उही पुरानो हुने । २०१७ सालको नियमसम्म देखाउनुहुन्छ,' शर्माले भने, 'मैले रिसले भनेको छैन । हामीले विकास निर्माण गर्न विभिन्न किसिमका कानुन जति दिनुपर्ने हो दिन सकेका छैनौं । त्यसले गर्दा ढिलाइ भइराखेको छ,' शर्माले भने, 'पैसाका कारण भएको छैन । यही तालले हो भनेदेखि २०८३ मा पनि बन्दैन । एउटा रूख काट्न नौ महिना लाग्छ भने यो कानुन नसच्याइ हुँदैन । मैले गर्न सक्दिनँ भनेको छैन । गराउनुपर्छ । हामीले पनि गर्न सकेनौं भने अब कसले गर्ने ?'

बुधबार समितिले काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) र दार्चुलामा नेपाली सेनाले बनाइराखेको तुसर पानी तिंकर सडकबारे छलफल गर्न प्रधानसेनापति शर्मालाई बोलाएका थिए । सांसदहरूले फास्ट ट्र्याक चिप्लेकीराका गतिमा अघि बढेको आरोप लगाएपछि शर्मा आक्रोशित बनेका हुन् ।

समितिमा नेपाली सेनाका प्राविधिक महासेनानी भरतलाल श्रेष्ठले फास्ट ट्र्याक आयोजनाबारे भइरहेको कामबारे जानकारी दिएका थिए । सेनाले अहिलेसम्म २८ प्रतिशत भौतिक प्रगति भएको जानकारी दिएको थियो । त्यसपछि सांसदहरूले यसबारे प्रश्न गरेका थिए ।

(क्रमशः पृष्ठ ३ मा)

५ पुस घटना

# ध्रुवीकृत कम्युनिस्ट पार्टी क्षयीकरण

■ **जेबी योञ्जन**

**काठमाडौं–** समकालीन कम्युनिस्ट आन्दोलनका दुई शीर्षस्थ राजनीतिज्ञहरू माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीले ध्रुवीकृत हुँदै एउटै दलबाट राजनीति गर्ने कुरा धेरैको अड्कलविपरीत थियो । कारण- राजनीतिक र अराजनीतिक दुवै खालका भाषामा उनीहरू एकअर्कालाई वर्षौंदेखि खुइल्याउँदै आएका थिए । मानौं, नेपाली राजनीतिमा प्रधान शत्रू उनीहरू आपसलाई ठान्छन् ।

यस्तो अवस्थाबीच नाटकीयरूपमा १७ असोज २०७४ मा ओलीले नेतृत्व गरेको एमाले र दाहालले नेतृत्व गरेको नेकपा माओवादी केन्द्रबीच चुनावी गठबन्धन गर्ने निर्णय भयो । दसैंको बीचमा भएको यस्तो निर्णयले लाखौं नेपाली कम्युनिस्टहरू चकित भए ।

एमाले नेता प्रदीप ज्ञवालीका अनुसार बृहत् वाम ध्रुवीकरणको चाहना राख्ने कम्युनिस्टहरू त्यसबेला खुसी भए । वाम ध्रुवीकरणको राजनीतिक वातावरण पनि बन्यो । यसबाट चुनावी सरकारको नेतृत्व गरेको कांग्रेस त्रसित भयो । त्यसबेला प्रधानमन्त्री रहेका पार्टी सभापति शेरबहादुर देउवाको अभिव्यक्तिले पनि कांग्रेस त्रसित भएको झल्किन्थ्यो । उनले चुनावकै बीचमा भनेका थिए, 'कम्युनिस्ट शासनमा रुन पनि पाइँदैन ।'

कम्युनिस्ट शासन तानाशाही प्रवृत्तिको हुन्छ भन्ने अर्थमा उनले यसो भनेका थिए । तर, अस्थिर सरकारले वाक्कदिक्क जनताले स्थिर सरकार, राजनीतिक स्थायित्व, संविधान कार्यान्वयन र देशलाई समृद्धिको मार्गमा डोऱ्याउन् भन्ने आकांक्षासहित दुईतिहाइ नजिक बहुमत दिए । अर्थात्, त्यसबेला सिर्जित 'कम्युनिस्ट ह्वीम'लाई कांग्रेसलगायत कुनै दलले प्रभावित पार्न सकेन ।



> यसरी ५ पुस २०७७ मा ओलीले पार्टीभित्रको अन्तरसंघर्षलाई कारण देखाउँदै चालेको असंवैधानिक कदमले अन्ततः एउटा नेकपा तीन टुक्रा भएको छ । एकताबद्ध भएर चुनाव लड्दा दुईतिहाइ बहुमत नजिक सिट जितेको नेकपा यतिबेला संसद्मा कमजोर अवस्थामा छ ।

बरु, प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ कांग्रेस २३ सिटमा खुम्चियो । कांग्रेस सहमहामन्त्री भीष्मराज आङदेम्बेको भनाइमा २०१५ सालपछि प्रत्यक्षतर्फ पहिलोपटक कांग्रेस सर्वाधिक कमजोर भयो । उता एमाले-माओवादी रहेको वाम गठबन्धनलाई भने प्रचण्ड बहुमत प्राप्त भयो । ३ फागुन २०७४ मा गठबन्धनबाट एमाले अध्यक्ष ओली संविधानको धारा ७६ को उपधारा (२) अनुसार प्रधानमन्त्री नियुक्त भए । यतिसम्म कि उनी दक्षिण एसियाकै सर्वाधिक शक्तिशाली कम्युनिस्ट प्रधानमन्त्रीका रूपमा चर्चिए । मधेसबाहेक सबै प्रदेशमा बहुमतको कम्युनिस्ट सरकार गठन भयो । राजनीतिशास्त्रीहरूका अनुसार झट्ट हेर्दा त्यसबेला देश कम्युनिस्टमय देखियो । तर, मन्त्रिपरिषद् विस्तारमा सकस भयो । बल्लतल्ल आन्तरिक मतभेदको क्षणिक व्यवस्थापन गर्दै सरकारलाई पूर्णता दिए । मतभेदको तुषचाहिँ ओली-दाहालमै गडेरै रह्यो । यद्यपि, नेता कार्यकर्ता र कम्युनिस्टप्रति आस्थावान जनताको दबाबबीच २ जेठ २०७५ मा उनीहरूले पार्टी विघटन गरे । एकछिनपछि दुई पार्टीबीच एकता गरे । एकताले फेरि नेपाली कम्युनिस्टहरूलाई प्रफुल्लित तुल्यायो ।

ओली केन्द्रीय सत्ता र नेकपाको नेतृत्वमा रहे । दाहाल पनि नेकपाकै अध्यक्ष भए । मधेसवादी दलहरूले अध्यक्षमण्डलमार्फत सामूहिक नेतृत्व प्रणाली अंगालेजसरी तत्कालीन नेकपाले दुई अध्यक्षात्मक प्रणाली अंगाल्यो । यसपछि अध्यक्षद्वय ओली र दाहालले भनेका थिए, 'एउटै जेट विमानका हामी दुई पाइलट ।'

तर, कतै दुई पाइलटले चलाएको नेकपारूपी विमान दुर्घटना त हुने होइन ? प्रश्न उठेको थियो । नभन्दै ओली नेतृत्वको सरकारलाई पूर्णता दिन झमेला भयो । झमेलाको सकसपूर्ण व्यवस्थापनपछि बल्लतल्ल सरकारले पूर्णता त पायो तर पार्टीमा मतभेदको विजारोपण भयो । सरकार सञ्चालनको सन्दर्भमा ओलीले एकलौटी गरेको पूर्वमाओवादी पक्षधरको निष्कर्ष नै रह्यो ।

२०७५ को मध्य चैतमा बारा र पर्सामा गएको विनासकारी हावाहरीले जनधनको क्षति पुऱ्याएपछि दाहालले हस्ताक्षर गरेको विज्ञप्ति नेकपाको नाममा जारी भयो । यसले पनि नेकपा भित्रभित्रै ठूलै शक्ति संघर्ष चलिरहेको ज्वलन्त उदाहरण यो थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# आठ मुलुकसँग श्रम सम्झौताको तयारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस सप्ताहव्यापीरूपमा मानाइरहेकै समयमा सुरक्षित वैदेशिक रोजगारीका लागि विभिन्न आठ मुलुकसँग श्रम सम्झौताको तयारी भइरहेको जनाएको छ । नेपाली युवाहरूको श्रम गन्तव्यको रूपमा रहेका खाडीका तीन र युरोपका पाँच मुलुकसँग सम्झौताको लागि आवश्यक मस्यौदा पठाइएको मन्त्रालयले उल्लेख गरेको छ ।





हालसम्म नेपाल सरकारले १२ वटा मुलुकसँग श्रम सम्झौता गरिसकेको छ । सँगसँगै सन् २०२४ भित्र उल्लेखित थप आठ मुलुकसँग सम्झौता गर्ने तयारीका साथ गृहकार्य भइरहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'सम्झौताका लागि आवश्यक मस्यौदा तयार पारेर सम्बन्धित मुलुकमा पठाइसकिएको छ,' उनले भने, 'हामीले पठाएको मस्यौदाको जवाफ आएपछि थप प्रक्रिया अगाडि बढ्ने छ, यसका लागि केही समय लाग्न सक्छ ।'

द्विपक्षीय समझदारीका लागि नेपालले श्रम गन्तव्य पहिल्याउने र नेपालीहरूको वैदेशिक रोजगारीको यात्रालाई भरपर्दो र सुरक्षित बनाउन मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको प्रवक्ता घिमिरेले जानकारी दिए । उनका अनुसार सन् २०२४ सम्ममा साउदी अरेबिया, कुवेत, ओमान, पोर्चुगल, माल्टा, टर्की, पोल्याण्ड र युक्रेनलाई श्रम सम्झौताका लागि मस्यौदा पठाइएको छ ।

सरकारले साउदी र कुवेतसँग लामो समयदेखि श्रम सम्झौताका लागि पहल गर्दै आए पनि अहिलेसम्म परिणाम आउन सकेको छैन । यद्यपि केही समयअघि श्रम मन्त्रालयको टोलीसँग भएको द्विपक्षीय अन्तरक्रिया कार्यक्रममा साउदी अधिकारीहरूले श्रम सम्झौताका लागि तयार रहेको बताएका थिए ।

त्यस्तै मलेसिया तथा खाडी मुलुकको साटो अब युरोपलाई गन्तव्य बनाउनुपर्नेमा मन्त्रालयका अधिकारीहरूले जोड दिँदै आएका छन् । मानवअधिकार तथा श्रमिकको सुरक्षाका लागि युरोपेली मुलुक बढी सुरक्षित देखिएको भन्दै अब सरकारले युरोपलाई केन्द्रित गर्ने प्रवक्ता घिमिरेले बताए । सरकारले भर्खरैमात्र युरोपेली मुलुक जर्मनी र रोमानियासँग श्रम समझदारी गरेको छ । यसअघि बेलायतमा स्वास्थ्यकर्मी पठाउनेगरी सम्झौता भइसकेको छ । वैलायतमा नर्स पठाउने प्रक्रिया सुरु भइसकेको छ । जर्मनीमा पनि पठाउन आवश्य तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो समय सम्बन्धित मुलुक हेर्ने राजदूतावासबाट हुने श्रमिकको माग प्रमाणीकरणमा समस्या देखिएका कारण ४० हजारभन्दा बढीले युरोपको रोजगारी गुमाउनुपरेको वैदेशिक रोजगार व्यवसायीले बताउँदै आएका छन् ।

# आइएलओ नेपालसँग समझदारी

**काठमाडौं (प्रस)–** मर्यादित कामको पहुँच अभिवृद्धि तथा रोजगारीका उपयुक्त अवसर सिर्जना गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को साझेदारीमा पाँचवर्षे 'मर्यादित कामका लागि देशीय कार्यक्रम २०२३-२७' कार्यान्वयनमा आएको छ ।

बुधबार यहाँ आयोजित समारोहमा उक्त कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) र आइएलओ नेपालबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, जेटियुसिसीका अध्यक्ष विनोद श्रेष्ठ र आइएलओ नेपालका देशीय निर्देशक नुमान ओक्यानले हस्ताक्षर गरे ।

उक्त कार्यक्रम कार्यान्वयनसँगै समावेशी रोजगारी, दिगो उद्यमशीलता र जीविकोपार्जन तथा सामाजिक सुरक्षाको सुनिश्चितता, श्रम अधिकार प्राप्तिका लागि त्रिपक्षीय सामाजिक संवादलाई प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममा श्रम मन्त्रालयका सचिव भण्डारीले २०२६ मा मुलुक विकाशील मुलुकमा स्तरोन्नति हुन लागेको सन्दर्भमा मर्यादित कामका लागि देशीय कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरे ।

महासंघका अध्यक्ष ढकालले श्रमबजारलाई व्यवस्थित बनाउन सो कार्यक्रमले सघाउ पुऱ्याउने बताए । पछिल्ला वर्ष नेपाली श्रमबजार सौहार्द्रपूर्ण वातावरणमा अघि बढिरहेको उल्लेख गर्दै असल श्रम सम्बन्ध कायम गर्न आइएलओको महत्त्वपूर्ण सहयोग रहेको बताए ।

जेटियुसिसीका अध्यक्ष श्रेष्ठले मर्यादित कामका लागि देशीय कार्यक्रम कार्यान्वयनसँगै श्रमबजारमा देखिएका समस्या समाधान गर्ने विश्वास व्यक्त गरे । आइएलओका नेपाल निर्देशक नुमानले श्रम बजारका अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न तथा श्रमिकका अधिकार कार्यान्वयन गर्न कार्यक्रमबाट सहयोग मिल्ने बताए ।




## पृष्ठ १ बाट क्रमशः

### ५ पुस घटना...

राजनीतिक विश्लेषक डा. तारानाथ घिमिरेले प्रभावसँग भने, 'दाहाल ओली र नेपाललाई भिडाएर शक्ति प्राप्त गर्न चाहन्थे । ओलीचाहिँ दाहाललाई च्यापेर नेपाल र खनाललाई भित्तामा पुऱ्याउन चाहन्थे । तर, के भइदियो भने पछि ओली-दाहाल नै शक्ति संघर्षको लडाइँमा देखिए, जसले नेकपामा विवाद उत्कर्षउन्मुख भयो ।' पार्टी एकताको बाँकी कार्यभार पूरा गर्न गठित रामबहादुर थापा नेतृत्वको कार्यदलले काम गर्नै सकेन ।

पछि सचिवालयले एकताको काम पूरा गर्ने भन्यो । तर, भएन । नेता कार्यकर्ताहरूमा निराशा बढ्यो । केन्द्रीय कमिटीदेखि स्थायी कमिटी सदस्यसम्मले जिम्मेवारी पाएनन् । यहीबीच भेनेजुयलामाथि अमेरिकी हस्तक्षेपविरुद्ध दाहालले २८ माघ २०७५ मा नेकपाको तर्फबाट विज्ञप्ति जारी गरे । सोही महिनाको सुरुमा ओली स्वीटजरल्याण्ड गएको मौकामा दाहाल, नेपाल, खनाल, गौतम र श्रेष्ठ झम्सिखेलको अपार्टमेन्टमा गोप्य बैठक बसेका थिए ।

अझ पार्टीमा बेमेलको स्थिति पैदा भएको भनेको २४ फागुन २०७५ मा सिके राउतसँग सुटुक्क ओली नेतृत्वको सरकारले गरेको ११ बुँदे सम्झौता र त्यसको चार दिनपछि २८ फागुनमा नेत्रविक्रम चन्द नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयले हो ।

चन्दको दललाई प्रतिबन्ध लगाउन नहुने पक्षमा रहेका दाहाल, सचिवालय सदस्यहरू माधवकुमार नेपाल, झलनाथ खनाल, बामदेव गौतम र नारायणकाजी श्रेष्ठको २८ गते नै गोप्य बैठक बस्यो । यो बैठकले नेकपा चिरा पर्दै छ भन्ने संकेत दियो । नेकपामा विवाद थप बढ्यो ।

सोही वर्षको चैत तेस्रो सातासम्ममा त नेकपा पार्टीभन्दा त्यहाँभित्र गुट बलियो देखिएको थियो । त्यसको असर संघ र प्रदेश सरकारमा देखिन थालेको थियो । ओली माधव पक्षसँग गरम थिए । पेलेरै जाने सुरमा थिए । घटनाक्रम विकसित हुँदै जाँदा नेकपाको प्रवक्ताबाट श्रेष्ठले राजीनामा दिए । विवाद बढ्दै गयो । तर, पनि पार्टी एकता भएको एक वर्षमा एकताका बाँकी कार्यभार पूरा गर्ने तयारी ओली र दाहालले गरे । यद्यपि, कार्यभार पूरा भएन । पार्टीभित्रको राजनीतिक दाउपेचले पार्टीको पोलिटब्युरो र केन्द्रीय विभाग नै बनेन । भएका केन्द्रीय समिति र स्थायी समिति बैठक बसाउन ओलीले अरुचि देखाए ।

उता दाहाल भने २०७६ को जेठ अन्तिम सातासम्म आइपुग्दा प्रधानमन्त्रीभन्दा पनि पार्टीको कार्यकारी अध्यक्ष हुन चाहे । जेठको दोस्रो साताको एकदिन उनले एक टेलिभिजनमा अन्तर्वार्ता दिने क्रममा ओली र आफूबीच आधा-आधा कार्यकाल सरकार सञ्चालन गर्ने सम्झौता भएको खुलासा गरेका थिए । सोहीबेला नेकपाको कार्यदिशाबारे बहस सतहमा आएको थियो । पूर्वएमाले जनताको बहुदलीय जनवाद र पूर्वमाओवादीहरू जनताको जनवादमा अडिक भए । राजनीतिक प्रतिवेदनलाई लिएर पनि विवाद अझ बढी छताछुल्ल भयो । ओली-दाहालबीच बल्खुमा भएको मदन-आश्रित स्मृतिसभामा राजनीतिक कार्यदिशालाई लिएर विवाद भएको थियो । प्रदेश कमिटीमा मापदण्ड र मन्त्री हेरफेर गर्नेसँगै आलोपालो प्रधानमन्त्रीको विवादले नेकपा विभाजन उन्मुख भएको कतिपयको विश्लेषण थियो ।

५ साउन २०७६ सम्म आइपुग्दा त सचिवालय बैठकले टुंगो लगाएको ७७ जिल्लाका इन्चार्ज र सहइञ्चार्ज तोक्ने निर्णय विवादित भयो । अन्तरसंघर्ष चुलिँदै जाँदा सोही वर्षको दोस्रो साता पूर्वएमाले छ जना सदस्यको बैठक बालुवाटारमा बस्यो । पुसको अन्तिम साता भने नेकपाभित्र अमेरिकी सहयोग परियोजना (एमसिसी)लाई लिएर असन्तुष्टि प्रकट भयो । सभामुख कृष्णबहादुर महराले दाहालको इशारामा एमसिसीलाई टेबुल नगरेको ओलीको बुझाइ थियो ।

फागुन १ गते जनयुद्ध दिवसमा ओली गएनन् । यसबेलासम्म नेता गौतम चाहिँ राष्ट्रियसभा सदस्य हुँदै प्रधानमन्त्री हुन कहिले ओली त कहिले प्रचण्ड-माधव कित्तामा देखिन्थे । १५ फागुन २०७६ सम्म आइपुग्दा त ओली-दाहाल पाँच घण्टासम्म एउटै मञ्चमा हुँदा पनि बोलेनन् । व्यक्तिगतस्तरमै सम्बन्ध चिसिएको थियो । ओली पार्टीको सचिवालय, स्थायी र पोलिटब्युरो हुँदै केन्द्रीय कमिटीसम्मै कमजोर देखिएका थिए । र, उनले २०७७ को वैशाख पहिलो साता ४० प्रतिशत संसदीय दलमा सांसद भए राजनीतिक दल गठनसम्बन्धी अध्यादेश ल्याए । मूलतः पूर्वमाओवादीहरूबाट विरोध भयो । खनाल, भीम रावललगायत नेताले पनि विरोध गरे । उक्त अध्यादेश अन्ततः ओलीले फिर्ता लिए । यति हुँदाहुँदै पनि नेकपा एक हुन्छ कि फुट्छ भन्ने संशय पैदा भएको थियो । किनभने ओलीलाई कि प्रधानमन्त्री कि अध्यक्षमध्ये एक पद छाड्न दाहाल, नेपाल, खनालसहितका नेताहरूले दबाब बढाएका थिए । ओली दुईमध्ये एउटा पनि पद छाड्न सकारात्मक भएनन् ।

नेकपाभित्रको समीकरण अदलबदल भइरह्यो । २४ वैशाख २०७६ मा ओलीले दाहाललाई मिल्न नसक्ने भए अलग होऔं भनेर प्रस्ताव गरे । जवाफमा दाहालले प्रस्टरूपमा प्रधानमन्त्रीबाट ओलीलाई आफूले हटाउन खोजेको बताए । यस बेलासम्म ओली र दाहाल-नेपाल समूहको छुट्टाछुट्टै भेला बस्न थालेको थियो ।

सोही वर्षको कात्तिकसम्म आइपुग्दा त ओली-दाहालबीच आरोपपत्र नै लेनादेना हुन थाल्यो । यही आन्तरिक मतभेदबीच ५ पुसमा ओलीले सुटुक्क संसद् विघटन गराए । ताजा जनादेशका लागि भन्दै देशलाई मध्यावधि चुनावमा लाने भने । राष्ट्रपति विद्यादेवी भण्डारीले ओलीले मन्त्रिपरिषद् बैठकबाट पठाएको विघटन सिफारिस क्षणभरमै स्वीकृत गरिन् । यसपछि दाहाल-नेपालपक्ष सर्वोच्च गए । संसद् विघटनविरुद्ध कानुनी चुनौती दिए । ११ फागुन २०७७ मा दाहाल-नेपालपक्षले मुद्दा जिते । संसद् पुनःस्थापना भयो । तर, २३ फागुनमा भने नेकपाको नामसम्बन्धी विवादमा आधिकारिकता सर्वोच्चले ऋषिराम कट्टेलको दललाई दियो । यसपछि नेकपा विघटन भयो ।

पूर्वएमाले र पूर्वमाओवादी ३ जेठ २०७५ अघिकै अवस्थामा फर्कियो । केही माओवादी नेताहरू एमालेमै रहे । माधवपक्ष पनि पछि एमालेमै फर्कियो । यद्यपि, त्यहाँ अन्तरसंघर्ष भइरहेपछि ओलीलाई २७ वैशाख २०७८ मा विश्वासको मत माधवपक्षीय सांसदहरूले दिएनन् । ओलीले कारबाहीको डण्डा चलाउन खोजे । त्यसविरुद्ध माधवपक्ष अदालत पुग्यो । यहीबीच ८ जेठ २०७८ को रातमा फेरि ओलीले दोस्रोपटक संसद् विघटन गरे । यसविरुद्ध भने देउवासहित दाहाल, नेपाललगायतका सांसदहरू गठबन्धनमा संगठित भएर फेरि सर्वोच्च पुगे । २९ असार २०७८ संसद् पुनःस्थापना भयो । सर्वोच्चबाट जारी परमादेशका आधारमा गठबन्धनबाट देउवा प्रधानमन्त्री नियुक्त भए ।

गठबन्धन सरकारले सोही वर्षको भदौ पहिलो साता माधव नेपाल समूहलाई एमालेबाट अलग पार्न सजिलो हुनेगरी राजनीतिक दलसम्बन्धी अध्यादेश ल्यायो । जस आधारमा नेपालले नेकपा एकीकृत समाजवादी दर्ता गरे । यसरी ५ पुस २०७७ मा ओलीले पार्टीभित्रको अन्तरसंघर्षलाई कारण देखाउँदै चालेको असंवैधानिक कदमले अन्ततः एउटा नेकपा तीन टुक्रा भएको छ । एकताबद्ध भएर चुनाव लड्दा दुईतिहाइ बहुमत नजिक सिट जितेको नेकपा यतिबेला संसद्मा कमजोर अवस्थामा छ ।

## सच्याइएको सूचना

मिति २०८० पौष ०२ गते, सोमबार डिभिजन वन कार्यालय दाङ (दाङ) घोराहीको **काठ/दाउरा लिलाम बिक्री सूचना**मा डिभिजन वन कार्यालय दाङ (दाङ) घोराही छुट्न गएकाले सच्याइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUMAIL ALI BIN ABDULLAH AL-ARAJNA GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/०९/०४ LT. No 296794 चलानी नं. ६०२११७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ देखि १५ गते (28-31 Dec. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW EGYPT CONSTRUCTION TRADING WLL

पूर्व स्वीकृति मिति २०८०/०८/२० पुन विज्ञापन स्वीकृति मितिः २०८०/०९/०४ LT. No. 295177 चलानी नं. ६०२१०९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४१,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 1 | 0 | 1100 | ४१,००० | | | | | | | |
| 3 | Printer | 1 | 0 | 1100 | ४१,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ०६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.

श्रम इजाजत नं. १२८९/०७४/०७५

Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOSPITALITY CONCEPT LLC

पूर्व स्वीकृति मिति २०८०/०९/०३ LT. No. 296742 चलानी नं. ६०२११७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook general | 3 | 0 | 150 | ५२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 150 | ५२,०८० | | | | | | | |
| 3 | Waiter | 4 | 0 | 150 | ५२,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Supreme Overseas Pvt. Ltd.

श्रम इजाजत नं. ३०१/०५९/०६०

Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BLOUSHI GENERAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८०/०५/२७ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०९/०४ LT. No. 292558 चलानी नं. ६०२०७७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1800 | ६३,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४२,४५० | | | | | | | |
| 3 | Labor Builder | 4 | 0 | 1000 | ३५,३७५ | | | | | | | |
| 4 | Mason(Paved) | 2 | 0 | 1300 | ४६,००० | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1300 | ४६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.

श्रम इजाजत नं. ९७१/०६७/०६८

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBH PERAK AGRO AQUACULTURE SDN. BHD.

पूर्व स्वीकृति मितिः२०८०/०९/०३ चलानी नं.६०२११७४९ LT. No.296717

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aquacultural/Fish Farm Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.

श्रम इजाजत नं. १२२१/०७४/०७५

Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAZAQ AL SHATIRAH TO SERVE MEALS EST.

पूर्व स्वीकृति मिति २०८०/०९/०३ LT. No. 296728 चलानी नं. ६०२११७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE OVERSEAS PVT. LTD.

Govt. License 147/056/057

Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HELIOUS SECURITY SERVICES SDN.BHD. शहरः Selangor पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२३/०३/१६ पुन विज्ञापन स्वीकृति मिति : २०२३/१२/२० LT. No. 282540 चलानी नं . ६०१९८१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

श्रम इजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ADAA LAUNDRY COMPANY LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०९/०४ LT. No.296586 चलानी नं. ६०२११८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Maintenance Technician | 1 | 0 | 2200 | ७७,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Laundary Worker | 1 | 0 | 1000 | ३५,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd

श्रम इजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np


## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यलय
रेडक्रसग्राम, चितवन

### विषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८०-०९-०५)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ

तपसिलः

| S.N. | Bid IFB No. | Name of Projects | Date of 1st Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 009/Works/NCB/KM/080/081 | Jutpani dekhi shaktikhor sadak starunnati | 2080-07-24 (BS) | 48,39,597.73 | Manakamana Contractors and Builders Pvt.ltd, Bharatpur-10, Chitwan | |
| 2. | 011/Works/NCB/KM/080/081 | Different Road Construction in Ward no -6 of Kalika Municipality | 2080-07-24 (BS) | 44,37,570.50 | Nava You Nirman Sewa, Jutpani, Chitwan, Nepal | |

प्रमुख प्रशासकीय अधिकृत

# सर्वोच्चमा ६ जना न्यायाधीश नियुक्त



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले सर्वोच्च अदालतमा छ जना न्यायाधीश नियुक्त गरेका छन् । राष्ट्रपति पौडेलले बुधबार नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम राष्ट्रपतिले न्याय परिषद्को सिफारिसमा छ जना न्यायाधीशलाई नियुक्त गरेका हुन् ।

सर्वोच्चमा नियुक्त भएका न्यायाधीशहरूमा सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनिल पोखरेल र बालकृष्ण ढकाल छन् । नवनियुक्त न्यायाधीहरूमध्ये सुवेदी, मुलसमान, शर्मा र ढुंगाना उच्च अदालतमा कार्यरत थिए भने पोखरेल र ढकाल वरिष्ठ अधिवक्ता हुन् ।

यसअघि बुधबार नै संसदीय सुनुवाइ समितिले उनीहरूको नाम अनुमोदन गरेको थियो । समितिको बुधबार बसेको बैठकले उनीहरूको नाम अनुमोदन गरेको थियो ।

समितिका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराको अध्यक्षतामा बसेको बैठकले सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिका लागि सिफारिस भएका छ जनाकै नाम अनुमोदन गरेको हो । यस विषयमा मंसिर २९ तथा यही पुस १ र २ गते संसदीय सुनुवाइ भएको थियो ।

न्याय परिषद्को मंसिर ५ गते बसेको बैठकले सर्वोच्च अदालतका लागि रिक्त छ न्यायाधीशका लागि नाम सिफारिस गरेको थियो ।

# पूर्वमन्त्री न्यौपानेको निधन

**काठमाडौं (प्रस)–** पूर्वसूचना तथा सञ्चार सहायकमन्त्री यज्ञराज न्यौपानेको निधन भएको छ । कलेजो रोगबाट पीडित उनको बुधबार बिहान भक्तपुरस्थित सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रमा निधन भएको हो ।

मृगौला रोगबाटसमेत पीडित रहेका ६५ वर्षीय न्यौपानेको उपचारका क्रममा अस्पतालमै निधन भएको उनका आफन्त अधिवक्ता उमाकान्त न्यौपानेले जानकारी दिइन् । उनको तीन महिनादेखि प्रत्यारोपण केन्द्रमा उपचार भइरहेको थियो । न्यौपानेका दुई छोरा र तीन छोरी छन् ।

वि.सं. २०५१ मा कालीकोटमा नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका न्यौपाने २०५५ सालमा सूचना तथा सञ्चार सहायकमन्त्री भएका थिए । कालीकोटको रास्कोट नगरपालिका-८ फुकोट गाउँमा जन्मिएका न्यौपाने साविक फुकोट गाउँ विकास समितिको अध्यक्षमासमेत निर्वाचित भएका थिए ।

## पृष्ठ १ बाट क्रमशः

### २०८३ मा पनि...

सांसद गगन थापाले सेनाको प्रस्तुतिपछि फास्ट ट्र्याक निर्माणको काम २०९० सालमा सकिने अनुमान लगाएका थिए । उनले फास्ट ट्र्याक निर्माणमा ढिलाइको कारक सरकार नै भएको आरोप लगाए । सांसद रवि लामिछानेले फास्ट ट्र्याकको गति हेर्दा यसलाई कछुवा ट्र्याक वा चिप्लेकीरा ट्र्याक भन्न सकिने बताए ।

सांसद हृदयराम थानीले प्रधानसेनापति शर्मालाई छातीमा हात राखेर ०८३ सालमा निर्माण सम्पन्न हुन्छ कि हुँदैन ? जवाफ दिन आग्रह गरे । त्यस्तै, सांसद कृष्णगोपाल श्रेष्ठले निर्माण गर्न सेनाले नसक्ने भए के-के कारण हुन् स्पष्ट रूपमा बताउन आग्रह गरे । 'बिरालोले मुसा मार्नुपर्‍यो, रङसँगको विवाद होइन । सेनाले मुआब्जा बाँड्दै हिँड्ने होइन । नामचाहिँ फास्ट ट्र्याक कामचाहिँ स्लो ट्र्याक भयो । ०८३ मा त सकिँदैन । सकिँदैन भने प्रधानमन्त्रीसँग कुरा गर्नूस् । सेनाले सरकारले दिएको आदेश पालन गर्ने हो,' श्रेष्ठले भने ।

प्रधानसेनापति शर्माले वास्ताविकता नबुझी सेनामाथि आरोप आएको भन्दै थप आक्रोश पोखे । 'यसको विस्तृत परियोजना रिपोर्ट (डिपिआर) पास गर्न मात्र छ महिना लागेको छ । यो कसले हेर्ने ! ०७४, ०७४ भन्नुहुन्छ २०७६ सालसम्म जिरो काम भयो । सर्भिस ट्र्याकमात्र खोलियो । मेसिन लैजानेमात्र गरियो,' शर्माले भने, '२०७६ सालको आधाआधीमा मात्र गएर डिपिआर स्वीकृत भएको छ । डिपिआर स्वीकृत नभई कहाँ के छुने ? कसलाई ठेक्का दिने ? यो कुरा पनि तपाईंहरूले जान्नुपर्ने थियो । सेनाले लिएको छ वर्ष भयो, छ वर्ष भयो भन्ने रटान छ । होइन, हामीलाई २०७६ सालको आधाबाट मात्र काम गर्ने बाटो खुलेको हो । डिपिआर निर्माण नभई कताबाट जाने थाहा हुँदैन । यो कुराहरूले गर्दा पनि ढिलाइ भएको हो ।'

सेनाले अहिलेसम्म फास्ट ट्र्याकका ११ प्याकेजमध्ये सातवटा प्याकेजका ४४.६२ किलोमिटरमा काम भइराखेको जनाएको छ । त्यस्तै तीनवटा प्याकेजका १९.८५ किलोमिटरमा ठेक्का प्रक्रिया चलिरहेको र काठमाडौंतर्फको प्रस्थान बिन्दु खोकना क्षेत्रको ६.५ किलोमिटरमा विवाद चलिरहेको समितिमा जानकारी दिएको छ ।

सेनाले फास्ट ट्र्याकमा अझै ४०६ रोपनी जग्गाको मुआब्जा दिन बाँकी रहेको जसमध्ये खोकना बुङमती क्षेत्रमामात्र २९० रोपनीमा मुआब्जा दिन बाँकी रहेको जनाएको छ । त्यस्तै सेनाले फास्ट ट्र्याकको क्षेत्रमा रहेका १० हजार १८ रूख काट्न अनुमति पाउन बाँकी रहेको जनाएको छ । पूरक वातावरणीय मूल्यांकन प्रतिवेदन गत जेठ २ गते स्वीकृत भएको र रूख कटानका लागि जेठ २२ गते वन मन्त्रालयलाई पत्राचार गरे पनि अनुमति नपाएको जनाएको छ ।

२ खर्ब ११ अर्ब ९३ करोड लागतको फास्ट ट्र्याकमा अहिलेसम्म ५२ अर्ब ८६ करोड खर्च भएको जानकारी सेनाले दिएको छ । जसमध्ये अहिले निर्माणाधीन ७ वटा प्याकेजमा १ खर्ब ६ अर्ब ७९ करोडको ठेक्का लागेको र ठेकेदारलाई २९ अर्ब ५६ करोड भुक्तानी दिइएको जनाएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAYSAN FASHION**

पुर्व स्वीकृति मिति २०८०/०९/०३ | LT No :296543 | चलानी नं. ६०२११७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 120 | ५१,७७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 150 | ६४,७२० | | | | | | | |
| 3 | Sales Girl | 0 | 3 | 150 | ६४,७२० | | | | | | | |
| 4 | Teacher Assistant / Helper | 0 | 5 | 150 | ६४,७२० | | | | | | | |

कम्पनी : **SASHA RESTAURANT AND CAFE COMPANY**

पुर्व स्वीकृति मिति २०८०/०९/०३ | LT No :296542 | चलानी नं. ६०२११७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 140 | ४१,००० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter/Waitress | 3 | 3 | 140 | ४१,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **QUICK STAR SUPERMARKET WLL.**

पूर्व स्वीकृति मिति : २०८०/०२/१५ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०९/०४ | LT. No. 286632 | चलानी नं : ६०२०२१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 1 | 2500 | ९१,०५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Executive Sales | 0 | 1 | 3500 | १२७,४७५ | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 2500 | ९१,०५५ | | | | | | | |
| 4 | Sales Manager | 0 | 1 | 4500 | १६३,९०० | | | | | | | |
| 5 | Purchase Rep | 0 | 1 | 3500 | १२७,४७५ | | | | | | | |
| 6 | Sales Employee | 0 | 1 | 1500 | ५४,६३५ | | | | | | | |
| 7 | Busin Executive | 0 | 1 | 4000 | १४५,६९० | | | | | | | |
| 8 | Gen Clean Worker | 0 | 1 | 1100 | ४०,०६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**

G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


# चौतारा साँगाचोकगढी नगरपालिका
# Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

चौतारा, सिन्धुपाल्चोक

Chautara, Sindhupalchok

बागमती प्रदेश, नेपाल

Bagmati Provance, Nepal

## पकेट विकास प्रवर्द्धन कार्यक्रम (प्याकेज) सञ्चालनमा सहभागी हुन प्रस्ताव आह्वानको सूचना ।

**प्रकाशित मितिः-२०८०/०९/०५**

आ.व.०८०/८१ को स्वीकृत नगर कृषि विकास कार्यक्रम अनुसार पकेट विकास प्रवर्द्धन कार्यक्रम तर्फ यस चौतारा साँगाचोकगढी नगरपालिकाको विभिन्न वडाभित्र सम्भावित पशु तथा कृषि बाली वस्तुहरुको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषक समूह/कृषि सहकारीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजपत्र सहित मिति २०८०/०९/२५ गते (२१) दिनभित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसुची २) अनुसारको विवरण र ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्वता सहित प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशीत गरीएको छ ।

**पकेट सञ्चालनका लागि तोकिएको बाली वस्तु तथा संचालन गरिने क्रियाकलाप**

| क्र.स. | पकेट सञ्चालन गर्न सकिने बाली/वस्तुहरु | संचालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|
| १ | तरकारी बाली | कार्यक्रमबाट लाभान्वित हुने प्रत्येक एक व्यक्ति बराबर टनेल भित्र खेती गर्ने भए कम्तिमा ५ वटा टनेलमा खेती गर्न वा कम्तीमा २ रोपनी क्षेत्रफलमा तरकारी खेती बिस्तार गर्न र च्याउ खेतिका लागी एक व्यक्ति बराबर कम्तिमा २ वटा टनेलमा खेती गर्न सकिने । |
| २ | फलफुल बाली | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा २ रोपनी जमिनमा प्राविधिक मापदण्ड अनुसार फलफुल खेतिको क्षेत्र विस्तार गर्न सकिने । |
| ३ | बाखा पालन | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा ५ वटा माउ बाखा सहित १० वटा बाखा/पाठापाठी पालन, खोर निमार्ण व्यवस्थापन, नश्ल सुधार आदि गर्न सकिने । |
| ४ | बंगुर पालन | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा ५ वटा माउ बंगुर पालन, खोर व्यवस्थापन लगायत अन्य क्रियाकलाप गर्न सकिने । |
| ५ | गाई भैसि पालन | कार्यक्रमबाट लाभान्वित हुने एक व्यक्ति बराबर कम्तिमा ५ वटा माउ गाई वा भैंसि पालन, गोठ सुधार, नश्ल सुधार गर्न सकिने । **थप क्रियाकलपहरु पकेट विकास प्रर्वद्धन कार्यक्रम (प्याकेज) कार्यविधि २०७९ अनुसार गर्न सकिने ।** |

**निवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरु :**

१. सम्बन्धित निकायमा दर्ता भएका कषक समुह/ कृषि सहकारी सस्थाको दर्ता तथा नविकरण,स्थायी लेखा नम्बर,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. कार्यक्रम माग गर्ने समुह तथा सहकारी संस्थाहरुको कार्य समितिको निर्णयको प्रतिलिपि ।
३. सञ्चालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
४. अनुदानको लागी आवेदन फारम (अनुसुचि २) अनुसारको विवरण
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
६. कार्यक्रम माग समबन्धि समुह/ सहकारी सस्थाको निवेदन ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## भूकम्पपीडितलाई थप पीडा नदेऊ

वि.सं. २०७२ को गोरखा भूकम्पले मुलुकमा ठूलो विनास निम्त्यायो । लाखौं घर तथा भौतिक संरचना ध्वस्त बनायो । हजारौंको ज्यान लियो । हजारौं अंगभंग भए । ठूलो जनधनको क्षतिबाट मुलुकले विपद् व्यवस्थापनमा पाठ सिक्ने अपेक्षा गरिएको थियो । त्यतिबेला सरकारले भूकम्पबाट क्षतिग्रस्त निजी आवास तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन गरी पुनर्निर्माणको जिम्मा दिएको थियो । राजनीतिक अस्थिरता र हस्तक्षेपका कारण प्राधिकरणले प्रभावकारी काम गर्न सकेन । तोकिएको समावधिका काम सम्पन्न गर्न नसकी पुनः समय थपेर प्राधिकरणले काम गऱ्यो । अझ पनि कतिपय संरचना पुनर्निर्माण भइसकेका छैनन् ।

त्यति ठूलो विपद्बाट पनि सरकारले पाठ सिकेको देखिएन । जुन, गत कात्तिकमा जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट प्रभावितहरूका लागि राहत र पुनःस्थापनामा देखिएको कमजोरीले पुष्टि हुन्छ । गत कात्तिक १७ मा जाजरकोट बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले रुकुम पश्चिम र जाजरकोटमा ठूलो क्षति पुऱ्याएको घटना ताजै छ । त्यहाँका कतिपय भूकम्पपीडितले अझै राज्यबाट राहत पाउन सकेका छैनन् । दिनानुदिन चिसो बढ्दै जाँदा पालमा बास रहेका पीडितहरूले कठिनाइ भोग्नुपरिरहेको छ । अस्थायी आवाससमेत नपाएकाहरू थप पीडामा परेका हुन् । यसअघि चिसोकै कारण २० भन्दा बढी भूकम्पपीडितले ज्यान गुमाइसकेका छन् । बाँचेकाहरू पनि कठिन जीवन जिउन बाध्य भएका छन् ।

सरकारले अस्थायी आवासका लागि दिने भनेको रकम अझैसम्म सबै पीडितसम्म पुगेको छैन । सरकारले भूकम्पप्रभावितलाई अस्थायी आवास निर्माणका लागि पहिलो किस्तामा २५ हजार र आवास बनिसकेपछि दोस्रो किस्ताबापत २५ हजार गरी ५० हजार रूपैयाँ उपलब्ध गराउने भनेको छ । तर पहिलो किस्तासमेत अधिकांश पीडितले पाएका छैनन् । तत्काल उपलब्ध गराउनुपर्ने रकम भूकम्प गएको दुई महिना बित्नलाग्दासम्म पीडितले नपाउनु सरकारको लापारवाही हो । जनताको अभिभावक सरकारको यस्तो लापारवाही स्वीकार्य हुँदैन । चिसोमा कठ्यांग्रिरहेका पीडितलाई तत्काल राहत दिलाउन भइरहेको ढिलाइले सरकार जनताप्रति कति उत्तरदायी छ भन्ने प्रस्ट देखाउँछ ।

भूकम्पपीडितलाई बढ्दो चिसोबाट बचाउन सरकारले तत्काल उनीहरूलाई पालको बासबाट बाहिर ल्याउनुपर्छ । अस्थायी आवासका लागि दिने भनिएको रकम तत्काल सबैलाई उपलब्ध गराउन सरकारले ढिलाइ गर्नु हुँदैन । अर्कोतर्फ पुनर्निर्माणमा तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन जरुरी छ । अहिले देखिएको अलमलको स्थिति अन्त्य गरी तत्काल पीडितलाई राहत दिलाउनु सरकारको दायित्व हो । यो दायित्व पूरा गर्न तीनै तहका सरकारको ध्यान जाओस् । पीडितलाई थप पीडा नदेऊ ।

# नेपालकै लामो नवदुर्गा जात्रा



▶▶ नारायणमान बनमाला

> नवदुर्गा जात्राको महत्त्वपूर्ण नवदुर्गा नाच दैनिक जीवनमा आधारित पारिवारिक भूमिका, चेलीबेटीको दुःखेसो, सहकार्यको भावना, पञ्चरङको महत्त्व, केटाकेटीको भूमिका, सरसफाइको शिक्षा, असत्यमाथिको जित भन्ने दिशाबोध यस नाचबाट हुने गर्दछ । परम्पराअनुसार यो नाच पुनः माघे संक्रान्तिबाट निरन्तर भक्तपुर नगरपालिकामा सूर्यमढी टोलदेखि दुई महिनासम्म विभिन्न स्थानमा हुने चलन रहिआएको छ ।

भक्तपुर नगरको मानव समाजमा आधारित ऐतिहासिक महत्त्व बोकेको जीवितरूपमा पुजिने प्रसिद्ध एवं नेपालकै लामो जात्रा हो श्री नवदुर्गा देवगण भवानीको जात्रा । यस वर्ष आज (पुस ५) नवमीको दिनदेखि काठमाडौंको पशुपतिस्थित जयवागेश्वरी क्षेत्रबाट यो जात्रा सुरु हुँदै छ । नवमीको दिन माछा मार्ने ङालाकेगु जात्रा सुभारम्भ हुने गर्दछ । वर्षको आठ महिनासम्म मुकुण्डोसहितको जात्रा हरेक वर्ष बालाचरेपछिको नवमी र दशमीको दुई दिन पशुपतिनाथ मन्दिर र नवदुर्गा देवगणबीच भेटघाट तथा प्रसाद आदानप्रदान गर्ने गर्दछ ।

पशुपतिनाथका मूल पूजारीबाट नवदुर्गा भवानीको पूजा गरी पशुपतिको जल र मूल प्रसाद भैरवको बाहुल्यतामा चढाउने चलन रहेको पाइन्छ । साथै, पशुपतिको मूल चोकमा देवगणको नाचसँगै भित्रका सम्पूर्ण देवताहरूलाई भेटघाट गर्ने र पूर्वपट्टिको गुह्वेश्वरी देवतालाई नाचसहित भेट गरिन्छ । त्यसपछि दक्षिणतर्फ रहेको शिवालय चोकमा मू बां लिकेगु जात्रा गरी पशुपति विकास क्षेत्रको मूल पूजा ग्रहण गर्ने चलन रहेको छ । यसैगरी जयवागेश्वरी मन्दिरमा पुगेर यस वर्षको सर्वप्रथम माछा मार्ने जात्राका लागि ख जुयगु (बास बस्ने) र रात्रिको नाच प्रदर्शन गर्ने चलन रहेको पाइन्छ । सोही दिन भोलिपल्ट बिहानदेखि बाराही नाच सिमदुमको माछा मार्ने नाचसँगै महाकाली नाचबाट बेलुका सेतो भैरवले माछा मार्ने जात्रा गरी बेलुकासम्ममा सम्पूर्ण नाच सम्पन्न गरिन्छ । त्यसपछि पुनः भक्तपुर नगरपालिका फर्किने चलन छ । सोही स्थानमा देवता बनी जात्रा गर्ने देवगणहरूले आफ्नो देवताको मुकुण्डो, पोसाकदेखि आवश्यक सामानहरू खर्पन अथवा खमू राखेर बोक्दै हिँडेर जानुपर्ने परम्परा अहिलेसम्म पनि पालना गरिँदै आएको छ ।

त्यसलगतै पुनः योमरी पुन्हिको दिनदेखि मध्यपुर नगरपालिकाको थिमीमा पनि नवदुर्गाको माछा मार्ने जात्रा हुने क्रममा २०६६ सालमा त्यहाँका केही उच्छृंखल व्यक्ति र देवगणहरूबीच अप्रिय घटना भएपछि जात्रा बन्द भएको थियो । उक्त जात्रा सञ्चालन गर्न पटक-पटक छलफल गरी जात्रा पुनः सञ्चालन गर्न गरिएको कोसिस सफल हुन सकेन । सहमति हुन नसक्दा जात्रा नौ वर्षसम्म रोकिएको थियो ।

मानव समाजमा आधारित दैनिक जीवनसम्बन्धी दिशाबोध गर्ने नवदुर्गाको जात्रा परापूर्वकालदेखि चल्दै आएको हो । यो परम्परागत संस्कृतिलाई निरन्तररूपमा अगाडि बढाउन तत्कालीन मध्यपुर थिमी नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठ र सोही नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष कुमार श्रेष्ठको सक्रियतामा नवदुर्गा देवगणहरूबीच पुनः जात्रा सञ्चालन गर्नेबारे व्यापक छलफल भई जात्रामा आवश्यक शान्ति सुरक्षा, देवगणहरूलाई आर्थिक सहयोग, खाना र जलपानका साथै बास बस्न उपयुक्त स्थान व्यवस्था गर्ने वाचाका साथ यस नवदुर्गा देवगण जात्रालाई हरेक वर्ष निरन्तरता दिने सम्झौता भयो । भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, स्थानीय समाजसेवी, देवगण परिवार, मध्यपुर नगरपालिकाका मेयर, वडाध्यक्ष, वडाका बुद्धिजीवि तथा वडावासीको रोहवरमा मध्यपुर नगरपालिकामा दीर्घकालीनरूपमा नवदुर्गाको जात्रा सञ्चालन हुने ऐतिहासिक लिखित सम्झौता भएको थियो । सोहीअनुसार यस वर्ष पुस १० गते मंगलबार योमरी पुन्हिको दिनदेखि पुनः जात्रा सञ्चालन हुने भएको छ । यस क्रममा मध्यपुर नगरपालिकामा नवदुर्गा जात्रा सात दिनसम्म चल्ने छ ।

### पहिलो दिनः

योमरी पुन्हिको दिनमा भक्तपुर नगरपालिका वडा नम्बर ९ स्थित गछे मन्दिरबाट देवगणहरूले समयवजी ग्रहण गर्दै मुकुण्डोदेखि गरगहना र पोसाक खमूमा राखेर बोकी दिउँसो ३ बजे मध्यपुर नगरपालिका प्रस्थान गरिन्छ । अपराह्न ४ बजे दिगुलीस्थानमा पुगेर सम्पूर्ण देवगणहरूले आ-आफ्नो पोसाकमा पहिरिएर नवदुर्गा नाच जात्रा सुरु गर्ने गर्दछन् । क्रमशः दिगुलीबाट नाच प्रदर्शन गरी बेलुका मध्यपुरको बालकुमारी मन्दिर सतल पुगी बास बस्ने गरिन्छ ।

### दोस्रो दिनः

बिहान ८ बजेदेखि मध्यपुरका भुलांख्यो स्थानबाट गणेश कुमारी र सिमदुम चारजना देवगणको टोली बाजासहित प्योमाद्यो नाच प्रदर्शन हुनेगरी निश्चित स्थानमा केही नाच प्रदर्शन गरिन्छ । पुनः बालकुमारी मन्दिरमा फर्किंदै बेलुका सम्पूर्ण देवगणहरूको लयाकुमा ख प्याख नाच गरिन्छ । मध्यपुरमा पनि बारको हिसाबले देवगणहरूको नाच प्रदर्शन हुने गर्दछ, जसमा वालंख भन्ने बार शनिबार, आइतबार, मंगलबार, बिहीबारमध्ये वालंमख बार सोमबार, बुधबार, शुक्रबारका दिन पर्दछ । देवगणहरूमा १९ वटामध्ये खिं बाजा, टं बाजा, कंस बाजा, भैरव, महाकाली, बाराही, कुमारी, धोमा पोमी, दातिमा पोमी, झिमा पोमी, गणेश, ब्रह्मायणी, महेश्वरी, भद्रकाली, नकीं, बालकुमारी, दुम, सिम, श्वेतभैरव गनिन्छ ।

### तेस्रो दिनः

पुनः त्यही दिन चपाचोदेखि प्योमा द्यो (चारजना देवगण)को नाच प्रदर्शन हुने क्रममा नवदुर्गा देवगणको छुट्टै पहिचान रहेको जात्रा मध्यपुर थिमीमा हुने गर्दछ । सोही क्रममा भक्तजनहरूले आफ्नो क्षमताअनुसार घरमा उत्पादन भएको कुनै वस्तु (जस्तैः धान, गहुँ मकै, तरकारी, खोर्सानी, मुला वा खेतबाट उत्पादन हुने चिज) भाँडामा राखेर चढाउने चलन छ । गणेश कुमारी सिमदुम चारजना देवतालाई आफूले चढाएको वस्तु बोकी भाषाको तालमा नाच प्रदर्शन गरी चढाउने चलन रहेको छ । सोही स्थानमा माटोको भाँडा उत्पादन गर्ने प्रजापतिहरूले पनि आफ्नो उत्पादन भएको कुनै भाँडाकुडा लिएर देवगणलाई नाच प्रदर्शन गरी भाषाको तालमा चढाउने चलन रहेको छ । यसो गर्दा आफूले उत्पादन गर्दै आएको वस्तु बढी उत्पादन हुने, कुनै नोक्सानी नहुने जनविश्वास रही आएको छ । सोही आशाका साथ नाच प्रदर्शन हुने गर्दछ । चपाचोमा निश्चित परिक्रमा गरी पुनः टोल-टोलमा नाच प्रदर्शन गरिन्छ । त्यसपछि बालकुमारी मन्दिरमा फर्केर सोही दिन ल्याक्वो ख जात्राको गन्छी नाच सम्पन्न गरिन्छ ।

### चौथो दिनः

बिहानै मध्यपुरको बाखाबजार हुँदै नागदेश क्षेत्रमा पनि प्याम्हाद्यो चारजना देवगण घुम्ने अथवा विभिन्न टोल-टोलमा नाच प्रदर्शन गरी पूजा ग्रहण गर्ने गर्दछ । साथै, मध्यपुरको बोडेमा पनि चारजना देवता बेलुकातिर पुग्दै पुनः बोडेको लयाकुमा पूजा ग्रहण गर्दै नाच प्रदर्शन गरी श्रद्धालु भक्तजनहरूको गुठीमा देवता भित्र्याउने चलन छ । सोही चलनअनुसार पूजा गरी सम्पूर्ण नाच सम्पन्न गरी बालकुमारी मन्दिरमै फर्किने गरिन्छ ।

### पाचौं दिनः

मध्यपुरको विभिन्न स्थानमा जात्रा गर्ने क्रममा स्थानीय वडावासीले टोल-टोलमा देवगणहरूलाई द्योवोकेगु कार्यक्रम रहेको छ भने क्रमशः अगाडि बिहान अथवा बेलुका बालकुमारी सतलमा निम्तो दिने चलन छ । सोही दिन प्रसाद ग्रहण गरी पुनः दथुटोलमा आएर बेलुका ख प्याख नाच प्रदर्शन गरी राति बालकुमारी मन्दिरमा फर्किने चलन छ ।

### छैटौं दिनः

मध्यपुरकै गाम्चामा पनि चारजना देवताकै जात्रा प्रदर्शन गरी टोलमा नाच प्रदर्शन गरी पुनः फर्किने गरिन्छ । सोही दिन बालकुमारी बजिगाञ्जा क्षेत्रका टोल-टोलमा पूजा ग्रहण गरी बेलुका लोकेश्वर मन्दिरनिर महत्त्वपूर्ण ख जुयगु बास बस्ने गरिन्छ । देवगणको सम्पूर्ण कालरात्रि नाच प्रदर्शन गरेर पूजा ग्रहण गरी मध्यपुरको लाछी चोकको खुला क्षेत्रमा मु बां लिकेगु जात्रा गरिन्छ । साथै, मु बां को बली चढाइ कालरात्रि नाच नै सम्पन्न गरिन्छ ।

### सातौं दिनः

आन्तिम दिन माछा मार्ने जात्राको रूपमा क्रमशः बाराहीको नाच प्रदर्शन गरिन्छ । सोलगत्तै सिमदुमको नाच विभिन्न स्थान, टोलहरूमा घुमिसकेपछि माछा मार्ने पहिलो चरण सुरु हुने गर्दछ । ङालाकेगु जात्रा दुमले सम्पन्न गरेलगत्तै पुनः महाकाली नाच प्रदर्शन सुरु गरिन्छ । महाकाली नाच एक महिसासुर बद् गर्ने नाचको रूपमा लिइन्छ । यस्तै नारी क्रोध, नारी सुन्दरता भावयुक्त गीतको बोल र भाषाको तालमा महाकाली नाच प्रदर्शन गरिन्छ । सोही नाचसँगै माछा मार्ने श्वेतभैरवको आगमन हुन्छ । भाषाको तालमा गाटोकेगु जात्रा कुखुराको भाले बली दिने श्वेतभैरवको नाचसँगै माछा मार्ने कार्य सुरु गरिन्छ ।

भक्तजनहरूको व्यापक सहभागिता हुनेगरी हर्षोल्लासका साथ माछा खाने, पेट दुख्ने, लुगा धुने अभिनयसहितको जात्रा सम्पन्न गरी पुनः सम्पूर्ण देवगणहरूको अन्तिम नाच गं दिगु नाच प्रदर्शन गरिन्छ । त्यसपछि पुनः बालकुमारी मन्दिरमा पुगी देवगणहरूले आ-आफ्नो मुकुण्डो सतलमाथि राखेर आफ्नो पोसाकसहित चोकमा आएर सर्वप्रथम आरती बालिन्छ । मध्यपुर नगरपालिकाबाट सुभारम्भ हुने नाच अन्त्यमा सम्पूर्ण भक्तजनलाई बिदाबारीका साथ राति भक्तपुर नगरपालिका मन्दिरमा देवताहरू बोकेर फर्किने चलन रहेको छ ।

नवदुर्गा जात्राको महत्त्वपूर्ण नवदुर्गा नाच दैनिक जीवनमा आधारित पारिवारिक भूमिका, चेलीबेटीको दुःखेसो, सहकार्यको भावना, पञ्चरङको महत्त्व, केटाकेटीको भूमिका, सरसफाइको शिक्षा, असत्यमाथिको जित भन्ने दिशाबोध यस नाचबाट हुने गर्दछ । परम्पराअनुसार यो नाच पुनः माघे संक्रान्तिबाट निरन्तर भक्तपुर नगरपालिकामा सूर्यमढी टोलदेखि दुई महिनासम्म विभिन्न स्थानमा हुने चलन रहिआएको छ । यस संस्कृतिको संरक्षण र प्रवर्द्धनमा सम्बन्धित निकाय तथा सम्पूर्ण भक्तजनहरूबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास छ ।

## मनन्योग्य

### चाणक्य नीति

सहरका ठूलाबडा व्यापारीसँग परिचय बढ्न थाल्यो । कला र सौन्दर्यको पारखी भनी उसले प्रसिद्धि पायो । बहुमूल्य रत्नको व्यापारीका रूपमा ठूलाठूला मानिसले चिन्न लागे । असीम रूपवतीको संयोगले उसको प्रसिद्धि दुई गुना बढेको थियो ।

अन्ततः कौमुदी उत्सव पनि आयो । भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो । प्रत्येक हाट, प्रत्येक दुकानदार बढाई चढाई सजावट गर्दथे । नगरसेट आफै सोमदेवलाई निमन्त्रणा दिन आउँथे ।

उत्सवको सबै तयारी पूरा भयो । राजमहलको भव्यताल इन्का दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो । सबैतिर चहलपहल थियो । रंगीविरंगी वस्त्रमा सिँगारिएका दास-दासीहरू सबै आफू आफूमा नै व्यस्त थिए ।

आजको सभा राजमहलदेखि बाहिर विशाल आंगनमा मखमली रंगीन सामियानले सुसज्जित बनाइएको थियो, ठूलाठूला तोरण, बीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो । दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा बसेका थिए । यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट चन्द्रगुप्त दरवारमा सवारी हुँदैछ ।

सबै अतिथि आदरसाथ आसनबाट उठे प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले । बिगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक बनाएको थियो । चन्द्रगुप्त आसनमा बसे । नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए । सबैतिर स्तब्ध वातावरण थियो ।

आचार्यका संकेतले राजभट्टले चन्द्रगुप्तको प्रशंसागीत गाए । त्यसपछि चाणक्यले सबै पाहुनाको स्वागत गर्दै भन्न लागे-

'उपस्थित मान्यवर अतिथिहरू, भूपतिहरू र नागिरक । यस आर्यावर्तको इतिहासमा आजको दिन अत्यधिक महत्त्वको हुनेछ किन कि, यो विशाल मगध देशको बागडोर तपाईंहरूले यस्तो वीर र बुद्धिमान पुरुषलाई सुम्पिनुभएको छ । जसले गौरवशाली राष्ट्रको गौरव अझ माथि शिखरमा पुर् याउनेछ । जसका आधिपत्यले सम्पूर्ण प्रजा निर्भय र सुखले रहन सक्छन्, यो म सबैलाई विश्वास दिलाउँछु । हामी सबैसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छौं तर कसैले हाम्र राज्यमा आफ्नो कुचकको जाल फैलाउन चाहन्छ भने वा षडयन्त्र गर्छ भने उसलाई समुचित पाठ पढाउन पनि हामी सक्षम हुनेछौं ।' क्रमशः

## पत्र-मञ्जुषा

# घूसखोरीको अड्डा यातायात : जहाँ कानुनको पालना हुँदैन

कानुनको नजरमा घूस दिने र लिने दुवै अपराधी हुन् । लेखनदास र विचौलियामार्फत यातायात व्यवसायीहरूले गाडी नै नलगिकन जाँचपास र धुँवापास गरिरहेका छन् । गाडीको ब्लुबुकमा तीन हजार रूपैयाँ हालेर यातायात व्यवसायीहरूले लेखनदास र विचौलियालाई दिन्छन्, तिनले २०० रूपैयाँ राजस्व तिर्छन् । बाँकी २८ सयमध्ये आधा आफूलाई राख्छन्, आधा यातायातका कर्मचारीको भागमा पर्छ । यातायातका कर्मचारीले घूस खाएर गाडी जाँच नै नगरीकन ब्लुबुकमा जाँचपास भएको प्रमाणित गरिदिन्छन् । हरियो स्टिकरको हकमा पनि त्यही नै छ । ५० रूपैयाँ राजस्व, २९ सय ५० रूपैयाँ बाँडीचुँडी खान्छन्, यातायातका कर्मचारी र विचौलिया ।

गाडी नलगिकन कसरी जाँचपास र धुँवापास हुन्छ ? गाडीको अवस्था ठीक छ, इन्जिन ठीक छ, प्रदूषण कतिको गर्छ ? मेसिनले जाँच गरेरमात्र हरियो स्टिकर दिन मिल्छ । तर, यातायातका कर्मचारी घूसमा बिकेपछि ऐन कानुन 'धोती न टोपी' हुनु स्वाभाविकै हो । यता, गाडी बाटोमा यात्रु बोकेर गुडिरहेको हुन्छ उता जाँचपास र धुँवापास हुन्छ ।

यातायात व्यवसायीहरू भन्छन्, 'गाडी लिएर यातायात कार्यालय गयो भने दिन त्यतै बित्छ । त्यो दिन कमाइ हुँदैन । त्यसैले विचौलियामार्फत काम गराउनै ठीक छ ।' हुन पनि हो, एउटा गाडीले दिनमा पाँच हजारदेखि ५० हजार रूपैयाँ आम्दानी गर्छ । अनि यातायात व्यवसायी कहाँ त्यत्रो आम्दानी छोडेर लाइन बस्न जान्छन् त ?

गाडी नलैजानुको अर्को कारण हो, थोत्रा र पुराना । गाडीको सिसा फुटेको, हेडलाइट र साइडलाइट काम नलाग्ने, सिट भाँच्चिएको, झ्याल नभएको, टायर खिएको, इञ्जिन बिग्रेका हुन्छन् । त्यस्ता गाडीको जाँचपास पनि हुँदैन, धुँवापास पनि हुँदैन । उल्टै मर्मत गर्नुपर्ने भएपछि यातायात व्यवसायीले घूसको बाटो अपनाउँछन् ।

थोत्रा गाडी रङरोगन गर्न र मर्मत गर्नलाई लाखौं रूपैयाँ खर्च हुन्छ । एकातिर लाखौं रूपैयाँको खर्च अर्कोतिर गाडी बनाउनका लागि महिनादिन लाग्छ । त्यतिबेलाको कमाइ रोकिन्छ । अनि कसले बनाउने गाडी ? तीन हजार रूपैयाँ तिरेर जाँचपास र धुँवापास ल्याउँदा गाडी वर्कसपमा लैजानु परेन ।

मर्मतबापत लाग्ने खर्च बच्यो, कमाइ पनि रोकिएन । यातायात व्यवसायीहरूले आफ्नो फाइदाका लागि कानुन नै हातमा लिएका छन् । अहिले पनि थोत्रा, पुराना, कबाडी गाडी बाटोमा गुडिरहेका छन् । त्यस्ता गाडीमा यात्रु गुन्द्रुक खाँदेझैं खाँदेर कुदाउँछन् । सवारीसाधनहरू धुँवाको मुस्लो फ्याँकेर दौडिरहेका हुन्छन् ।

गाडीले धुँवा फालेको र थोत्रा, कवाडी देख्दा जाँचपास र धुँवापास नभएकोजस्तो देखिन्छ । तर, अगाडिको सिसामा हरियो स्टिकर टाँसेको हुन्छ, ब्लुबुकमा जाँचपास प्रमाणित गरिएको हुन्छ । रत्नपार्कस्थित एक निलो माइक्रोबसका चालकलाई सोध्दा उनले भने, 'मेरो गाडी २४ वर्ष पुगिसकेको छ । ट्राफिकले कागजात चेक गर्दैन । यदि चेक गरिहाल्यो भने ५०० रूपैयाँको चिट काट्छ । कि ५०० घूस दिनुपर्छ ।'

सरकारको २० वर्षे नीतिबारे प्रश्न गर्दा उनको ठाडै भने, 'ट्राफिकले समात्दैन क्यारे !' यसबाट के पुष्टि हुन्छ भने ट्राफिकले ५०० रूपैयाँ खाँदै गाडी छोडिरहेको छ । यता, ट्याक्सी चालकहरू पनि त्यही भन्छन् । ट्राफिकले कागजात जाँच नगर्ने र जाँच गरिहाले पनि ५०० रूपैयाँ लिएर छोडिदिने उनीहरू बताउँछन् ।

अहिले ड्युटीमा खटाइएका ट्राफिक प्रहरीलाई २० वर्षे सवारीसाधन हटाउने सरकारको निर्णयबारे जानकारी नभएको चालकहरू नै बताउँछन् । उनीहरूले ब्लुबुक हेरिहाले पनि दर्ता मिति नहेर्ने चालकहरूको भनाइ छ । प्रत्येक साल सरकारी कर्मचारीको तलब बढ्छ । बजेट भाषण ल्याउँदा सरकारले तलबभत्ता बढाउँछन् ।

तैपनि सरकारी कर्मचारीलाई पुगेको छैन । यातायात र ट्राफिकका कर्मचारीले अहिले पनि घूस खान छोडेका छैनन् । बाटोमा उभिरहेको ट्राफिक प्रहरीलाई २० वर्षे सवारीसाधन किन नसमातेको भनेर प्रश्न गऱ्यो भने अधिकांश निर्णयबारे जानकारी नै नभएको बताउँछन् । कतिपय ट्राफिक प्रमुखको निर्देशन नआएसम्म आफूहरूले समात्न नमिल्ने भन्दै उम्किन्छन् । सरकारले गाडीको कागजात जाँच गर्ने अधिकार ट्राफिकलाई दिएको छ । तर, ट्राफिक आफ्नो कामप्रति अलिकति पनि जिम्मेवार छैन ।

मुलुकमा भ्रष्टाचार बढ्नु र राजस्व नउठ्नुको पछाडि सरकारी कर्मचारीको हात छ । उनीहरू घूसमा बिक्दा मुलुक नाजुक अवस्थामा पुगेको छ भने कानुन कार्यान्वयन हुन सकेको छैन । हाम्रो देशको सरकारी कर्मचारीलाई के भाको ? जति तलब बढाए पनि पुग्दैन । जति सेवासुविधा दिए पनि उनीहरूको चित्त भरिदैन । सरकारले जेजति गरे पनि उनीहरूले घूस खान छोड्दैनन् भन्ने प्रमाणित भइसकेको छ । सरकारी कर्मचारीहरू घुस्याहा नहुने हो भने राजस्व उठ्नुका साथै कानुन कार्यान्वयन हुने थियो ।

*–रेशम पौडेल*
*सातदोबाटो, ललितपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# नलगाड र जुनीचाँदेका भूकम्पपीडितले पाएनन् सहयोग

**जाजरकोट–** जाजरकोटमा भूकम्पपीडित लाभग्राहीको संख्या हालसम्म ३३ हजार २५ पुगेको छ। अस्थायी आवास निर्माणका लागि अनुदान दिन स्थानीय पालिकाले पीडित परिवारलाई लाभग्राहीको सूचीमा राख्दै अनुदान वितरण गर्न थालेका छन् ।

जिल्लाका नलगाड नगरपालिका र जुनीचाँदे गाउँपालिकाले रकम अभावका कारण लाभग्राहीलाई अनुदान रकम दिन नसकिएको जनाएका छन् । रकम लिइसकेका पालिकाको ढिलासुस्तीका कारण उनीहरूका खातामा पैसा जम्मा भएर बसेकाले समस्या भएको नलगाड नगरपालिकाका प्रमुख डम्बरबहादुर रावतले बताए ।

अस्थायी आवासका लागि आवश्यक पर्ने थप ५० करोड रूपैयाँ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा माग गरेको ११ दिनपछि चार करोड रूपैयाँमात्र आएको जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिए । उनका अनुसार हालसम्म तीन हजार ७२१ परिवारको खातामा पहिलो किस्ताबापत प्रतिपरिवार २५ हजार रूपैयाँका दरले निकासा भएको छ।

भेरी नगरपालिकाले चार हजार ५४९ लाभग्राही कायम गरेको छ। यस्तै, ४८४ परिवारसँग सम्झौता गरेर एक करोड २१ लाख रूपैयाँ लाभग्राहीको खातामा निकासा दिएको सुनारले जानकारी दिए । बारेकोटले पाँच हजार ५८६ लाभग्राही कायम गरी एक हजार ६५ परिवारलाई पहिलो किस्ताबापत दुई करोड ६६ लाख २५ हजार रूपैयाँ अनुदान रकम प्रदान गरेको उनको भनाइ थियो।

कुशे गाउँपालिकाले पाँच हजार २८७ लाभग्राही कायम गरेको छ। शिवालयले तीन हजार ३०९ लाभग्राही कायम गरी दुई हजार १७२ परिवारको खातामा पाँच करोड ४३ लाख रूपैयाँ अनुदान दिएको छ। हालसम्म नौ करोड ३० लाख २५ हजार रूपैयाँ पीडित व्यक्तिका खातामा रकम गएको जिल्ला प्रशासन कार्यालय जाजरकोटले जनाएको छ।

भूकम्पले घरबारविहीन बनाएपछि त्रिपालमा बस्दै आएका यहाँका भूकम्पपीडितलाई मंसिरभित्र अस्थायी आवासमा सार्ने भन्दै संघीय सरकारले पठाएको ५० करोड रूपैयाँ केही पालिकाका खातामा गएर थन्किएकाले केही पालिकाले रकम पाउन नसकेका प्रजिअ सुनारले बताए। उनका अनुसार सरकारले माग गरेअनुसारको रकम नपठाउँदा नलगाड नगरपालिका र जुनीचाँदे गाउँपालिकाले अस्थायी आवासका लागि रकम पाउन नसकेका हुन् । रकम निकासा लिएका शिवालय, भेरी, छेडागाड, कुशे र बारेकोट गाउँपालिकाले लाभग्राही पहिचान गरी सम्झौता गर्ने प्रक्रियामा ढिलाइ गरेकाले पीडित परिवारले रकम पाउन नसकेका हुन् ।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत हरिशचन्द्र शर्माका अनुसार ५० करोड ९८ लाख ७५ हजार रूपैयाँ सम्बन्धित पालिकाको खातामा पठाइएको छ । 'केही पालिकाले सबै लाभग्राहीलाई अस्थायी आवासका लागि रकम बाँड्न सकेका छैनन्। थोरै लाभग्राहीको खातामा मात्र रकम निकासा गरिएको छ,' उनले भने ।

नलगाड नगरपालिकाका प्रमुख डम्बरबहादुर रावतले सरकारले अस्थायी आवासका लागि रकम नपठाउँदा काम अघि बढ्न नसकेको बताए । 'पैसा कहिले आउँछ भनेर पीडित परिवारले बारम्बार सोधिरहेका छन् तर रकम नै आउँदैन कसरी काम गर्ने ?, त्रिपालबाट अस्थायी आवासमा सार्ने योजना अधुरै भएको छ,' उनले भने ।

पीडित त्रिपालको चिसोले बिरामी परेर ज्यान गइरहेको छ तर प्रक्रियागत झण्झटका कारण भूकम्पपीडितले अस्थायी आवासका लागि अनुदान रकम लिन नपाएका रावतको भनाइ थियो । उनका अनुसार खाता नभएकालाई नगद दिने सरकारले निर्णय गरे पनि स्थानीय सरकारले सबै लाभग्राहीलाई खाता खोल्न लगाएका छन् ।

खाता खोल्न बैंक जानुपर्ने, कतिपयको नागरिकता नभएको, घर भत्किएको विवरण, प्रहरीको मुचुल्कालगायत कागजपत्र चाहिने भएकाले प्रक्रियागत झण्झटका कारण अस्थायी आवासका लागि रकम पाउन निकै सास्ती भएको भेरी नगरपालिका-३ का भूकम्पपीडित सञ्जीव श्रेष्ठले बताए । घर भत्किएको प्रहरी मुचुल्का, जिल्लाबाहिर अन्य ठाउँमा कतै पनि घर नभएको स्वघोषणा फाराम, बैंक खातालगायतका काम समयमा हुन नसक्दा लाभग्राहीले समयमा अनुदान पाउन ढिलाइ भएको उनको भनाइ थियो ।

भूकम्पपीडितलाई अस्थायी आवास निर्माणका लागि पहिलो किस्तामा २५ हजार रूपैयाँ र निर्माण सम्पन्न भएपछि २५ हजार रूपैयाँ गरी प्रतिपरिवार ५० हजार रूपैयाँका दरले अनुदान दिने सरकारले निर्णय गरेको डेढ महिना पुगिसकेको छ । जिल्ला विपद् व्यवस्थापन कोषमा रकम नहुँदा उनीहरूले निकासा पाउन नसकेका प्रजिअ सुनारले बताए । नलगाड, भेरी र जुनीचाँदे गाउँपालिकाका लागि आवश्यक पर्ने थप ५० करोड रूपैयाँ माग गरेको ११ दिनपछि चार करोड रूपैयाँमात्र पठाएका कारण समस्या भएको उनको भनाइ थियो ।

लाभग्राहीसँग सम्झौता गर्दा आवश्यक पर्ने कागजात समयमा जुटाउन नसक्दा त्रिपालबाट अस्थायी आवासमा सार्ने योजनामा ढिलाइ भएको प्रजिअ सुनारले बताए । वडा कार्यालयमा दक्ष र पर्याप्त जनशक्ति नहुँदा अनुदान पाउन ढिलाइ भएको पीडितको गुनासो छ । भूकम्पपीडित त्रिपालमा बस्नुपर्ने बाध्यताका बीच बढ्दै गएको चिसोले धेरै बिरामी पर्न थालेका छन् । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/०५ गते)

पेम्बा शेर्पाको नाति, धार्के शेर्पाको छोरा तथा पेम्बा फुटी शेर्पाको पति काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं १० बस्ने पासाङ छिरिङ शेर्पाको मिति २०८०/०३/१५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गोल्फुटार शाखामा रहेको बचत खाता नं. ०६७००६०७६८७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँभनी निज खातावालाको श्रीमती पेम्बा फुटी शेर्पाले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको गोल्फुटार शाखा कार्यालय, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय गोल्फुटार, काठमाडौं फोन नं ०१ ४३७८८७३



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DE CORNER SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296804 | चलानी नं. ६०२११७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUSAID ABDUL LATIF AL GHAMLAS CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296763 | चलानी नं. ६०२११८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wooden Floor Installer | 6 | 0 | 1300 | ४५,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPLETE SOLUTIONS FOR OPERATION &MAINTENANCE

पूर्व स्वीकृति मिति: २०८०/०९/०४ | LT. No. 296789 | चलानी नं. ६०२११८५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 6 | 0 | 1000 | ३५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPRING FOR MAINTENANCE, SERVICES & CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०९/०४ | LT. No. 292432 | चलानी नं. ६०२०७६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor Services | 1 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2500 | ९१,०५५ | | | | | | | |
| 3 | Labourer | 1 | 0 | 1000 | ३६,४२० | | | | | | | |
| 4 | Driver | 1 | 0 | 2000 | ७२,८४५ | | | | | | | |
| 5 | Mechanic | 1 | 0 | 1600 | ५८,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १५,००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Sama International Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-5204072
Email : allsamaoffice2010@gmail.com, Website : www.alsamainternational.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED GLASS INDUSTRIES COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०९/०४ | LT. No. 296818 | चलानी नं. ६०२११८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 26 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२/१३ गते (28/29 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD.
श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEIVY LABORATORIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०९/०४ | LT. No. 269034 | चलानी नं. ६०१८५१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धी व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने :नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gurung Management Overseas Pvt. Ltd.
Govt. License 404/060/061
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np
Website : www.gurungoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAWYAT AL-AFKAR EST FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296801 | चलानी नं. ६०२११८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED FUEL COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296740 | चलानी नं. ६०२११८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Product Shorting Labour | 18 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABEER AL SAHAR LADIES TAILORING

पूर्व स्वीकृति मिति: २०८०/०९/०४ | LT. No. 296792 | चलानी नं. ६०२११७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ३५,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMAD BIN ABDULLA CONSTRUCTION AND MAINTENANCE GROUP

पूर्व स्वीकृति मिति २०८०/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०९/०४ | LT. No.292917 | चलानी नं. ६०२०८११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 2500 | ९१,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Civil Engineer | 1 | 0 | 4200 | १५३,५२५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1400 | ५१,१७५ | | | | | | | |
| 4 | Executive Sales | 1 | 0 | 3000 | १०९,६६० | | | | | | | |
| 5 | Foreman | 8 | 0 | 2500 | ९१,३८५ | | | | | | | |
| 6 | General Surveyor | 3 | 0 | 2100 | ७६,७६० | | | | | | | |
| 7 | Labour | 2 | 0 | 1000 | ३६,५५५ | | | | | | | |
| 8 | Mason | 2 | 0 | 1200 | ४३,८६५ | | | | | | | |
| 9 | Sales Manager | 1 | 0 | 5700 | २०८,३५५ | | | | | | | |
| 10 | Salse Supervisor | 1 | 0 | 3000 | १०९,६६० | | | | | | | |
| 11 | Supervisior | 1 | 0 | 3000 | १०९,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Habib International Pvt. Ltd.
श्रम ईजाजत नं. ८०२/०६५/०६६
Lalitpur-15, Satdobato. Nepal. Tel.: +977-01-5548070, 5548071, Fax: +977-01-5548069



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREMIUM FOODS COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296844 | चलानी नं. ६०२११८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER | 1 | 0 | 1200 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN SECURITY SYSTEM EST.

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | LT. No. 296791 | चलानी नं. ६०२११७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

# प्रभाव दैनिक





### 'मेयर' बन्दै खगेन्द्र

अभिनेता खगेन्द्र लामिछाने मेयर बन्ने भएका छन् । उनी रियलमा नभएर रिल लाइफमा मेयर बन्न लागेका हुन् । निर्देशक दिपेन्द्र के खनालको फिल्म 'मेयर' मा उनी मेयर भूमिका रहनेछ । 'मेयर' दिपेन्द्रले केही अगाडि निर्माण घोषणा गरेको फिल्म हो । सुशासन र पर्यटन क्षेत्रमा गरेको कामबाट प्रशंसा पाइरहेका सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापामाथि फिल्म बन्न लागेको हो । फिल्मका लागि अहिले खगेन्द्र फाइनल भएको र अन्य कलाकार छनौटको क्रममा रहेको निर्देशक खनालले बताए । फिल्मको छायांकन माघको पहिलो साताबाट हुनेछ ।




बिहीबार, ५ पुस २०८० (Thursday, December 21, 2023)


# 'मोडल हन्ट नेपाल २०२३'का लागि ३८ प्रतियोगी छनोट

**काठमाडौं (प्रस)–** 'मोडल हन्ट नेपाल २०२३'का लागि ३८ प्रतियोगी छानिएका छन् । बिभिन्न चरणको प्रतियोगी छनौट अडिसनबाट मेल र फिमेल गरेर यी प्रतियोगी छानिन सफल भएका छन् । छानिएका प्रतियोगीमा १६ मेल र २२ फिमेल रहेका छन् ।

प्रतियोगीताको यो आठौं संस्करण हो । नेपाली मोडलिङ प्रतियोगितामा बृहत् र स्तरिय मानिएको प्रतियोगिताको यो संस्करणमा पनि युवाको हकमा ५ फिट ६ इन्च र युवतीको हकमा कम्तीमा ५ फिट २ इन्च उचाई हुनुपर्ने प्रावधान थियो । देशभरबाट सहभागी थुप्रै मोडलबाट ३८ छानिएका हुन् ।

छानिएका सबे प्रतियोगी अन्तिम स्पर्धाका लागि व्यक्तित्व विकास, शारीरिक बनावट, त्याम्प वाक, बडी ल्यांग्वेज, फोटोसुट, एक्सप्रेसन लगायतका ग्रुमिङ कक्षामा जुटिसकेका छन् ।

उचित ज्ञानसहित देश तथा विदेशका प्लेटफर्ममा सजिलै अवसर पाउन सक्ने व्यवसाहिक मोडल उत्पादन गर्ने उदेश्यले विगत ८ वर्षदेखि नियमित आयोजना हुँदै आएको प्रतियोगितामा पछिल्लो समय युवायुवतीको आकर्षण समेत बढ्दो रहेको आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाको धारणा छ । प्रतियोगीतामा सांगीतिक कार्यक्रम सहित भब्य रूपमा आयोजना हुने धमलाले जानकारी दिए ।

प्रतियोगीताको फाइनल स्पर्धा आगामी २९ डिसेम्बर अर्थात यहि पुस १२ गते होटल सोल्टीमा आयोजना हुँनेछ । प्रतियोगीताको मेल विजेताले पार्टो रिको देशमा आयोजना हुने अन्तराष्ट्रिय मोडलिङ प्रतियोगीता 'रनवे मोडल इन्टरनेशनल'मा नेपालको प्रतिनिधित्व गर्ने र फिमेल विजेताले थाइल्याण्डमा आयोजना हुने मोडलिङ प्रतियोगिता 'सुपर मोडल इन्टरनेसनलमा' नेपालको प्रतिनिधित्व गर्नुको अलवा विज्ञापन, म्युजिक भिडियो अभिनय अवसरको तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फेसन शोमा पनि सहभागीको अवसर प्राप्त गर्ने आयोजक नेक्स्ट मोडल्सकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् ।

एनएसएल फुटबल

## झापासँग धनगढी पराजित

**काठमाडौं (प्रस)–** धनगढी एफसीले जारी नेपाल सुपर लिग (एनएसएल) मा बुधबार झापा एफसीसँग हार व्यहोरेपछि अपराजित यात्रामा पनि पूर्णविराम लगाएको छ । दशरथ रंगशालामा प्लेअफमा स्थान बनाउन संघर्षरत झापासँग २-० को हार व्यहोरेसँगै धनगढीको अपराजित यात्रामा पूर्णविराम लागेको हो ।

झापाका लागि कप्तान अञ्जन बिष्ट र समिराज थोकरले गोल गरे । यो हारसँगै धनगढीको प्लेअफ यात्रा पनि कठिन बनेको छ । झापाले भने यो जितसँगै प्लेअफ यात्रा जीवन्त राखेको छ । सात खेलमा धनगढी १२ अंकसहित दोस्रो स्थानमा यथावत् छ । समान सात खेलमा झापा १० अंकसहित चौथो स्थानमा उक्लियो । अब धनगढीले अन्तिम खेलमा शुक्रवार शीर्ष स्थानको पोखरा थन्डर्ससँग खेल्नेछ ।

प्लेअफमा स्थान बनाउन धनगढीले कम्तीमा बराबरीको नतिजा निकाल्नुपर्नेछ । यता, झापाले भने एफसी चितवनसँग खेल्नेछ । झापाले भने प्लेअफमा स्थान बनाउन त्यो खेल जित्नैपर्नेछ ।

## प्रधानमन्त्री कपको ट्रफी सार्वजनिक

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगिताको ट्रफी सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा आठ टोलीका कप्तानहरूले प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिता अघि ट्रफी सार्वजनिक गरेका हुन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले बिहीबारदेखि काठमाडौंमा प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिता आयोजना गर्दैछ । पुस १७ गतेसम्म मूलपानी र त्रिवि मैदान कीर्तिपुरमा सञ्चालन हुने प्रतियोगितामा सात प्रदेश र विभागीय टोलीको एपीएफ क्लब गरी आठ टोलीको सहभागिता रहनेछ ।


मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

सपही, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सुचना प्रकाशित मिति : २०८०।०९।०५)

यस निर्देशनालयको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाता फर्म/कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | Performance Guarantee |
|---|---|---|---|---|---|
| 1 | 01/11/2023 | MP/PHD/NCB/GOODS-01/2080-81 | Nepal Swasth Food Industries Pvt. Ltd., Biratnagar-5, Morang | 9,70,65,066.98 | 48,53,253.35 |

(निर्देशक)



**Jagadulla Rural Municipality**

**Office Of Rural Municipal Executive**

Karnali Province

Jagadulla, Dolpa

**Letter Of Intent**

*Date of Publication : 2080/09/05 (21st Dec 2023)*

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per, IFB No: 1-080/81/JRM/NCB published on Naya Patrika Daily published on 2080/06/03, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Without VAT (NRs.) |
|---|---|---|---|---|
| 1 | JRM/NCB/W-1/2080-081 | Chhanchu Chaurikot Road Upgrading Work, Jagadulla 4 - Dolpa | M/s Ashaurna Nirman Sewa Pvt.Ltd – N.K Nirman Sewa J.V, Jumla | 8566348.52 |

Acting Chief Officer



*सुनवर्षी नगरपालिका*

*नगर कार्यपालिकाको कार्यालय*

*डाईनिया, मोरङ्ग*

*कोशी प्रदेश*

